# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तादीगाउँ गाउँपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

तादीगाउँ गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

तादीगाउँ गाउँपालिका

नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१, जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १४८

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

ताँदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

खरानीटार, नुवाकोट ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ७ करोड ७१ लाख ३७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ५ करोड ९९ लाख ८५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.११ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५४ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. ० र पेश्की बाँकी रु. ५ लाख ८८ हजार समेत गरी यस वर्ष रु.१ करोड ७१ लाख ५३ हजार बेरुजू कायम रहेको छ । ताँदी गाउँपालिकाको गतवर्ष सम्म रु. २३ करोड ८२ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २५ करोड ५३ लाख ७४ हजार रहेको छ । ताँदी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने ताँदी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी ताँदी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**
**नायब महालेखापरीक्षक**

# ताँदीगाउँ गाउँपालिका,

# नुवाकोट,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | १८५ | ७७१३७ | ० | ९७ | ५९९८५ | ७२ | ८८ | १७१५३ | ११२० | ० | १५४४५ | ० | ० | १५४४५ | ५८८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | २३८२२१ | ० | ० | २३८२२१ | ० | १७१५३ | २५५३७४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | | दफा नं ५ | अनुदान फिर्ता | १७९४६३७१.६५ |
| २ | | दफा नं १७ | स्वकीय सचिव र कानूनी सल्लाहकार | ८८५००० |
| ३ | | दफा नं ४० | ओ जे टि व्यवस्थापन | ७८०००० |
| ४ | | दफा नं ४१ | विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता | २२१००० |
| ५ | | दफा नं ४२ | निजी स्रोत शिक्षक | ६८४५१७५ |
| ६ | | दफा नं ४३ | सामुदायिक सिकाइ केन्द्रलाइ अनुदान | ८००००० |
| ७ | | दफा नं ४५ | दोहोरो तलब भुक्तानी | २३२०४३.१३ |
| ८ | | दफा नं ४६ | पोषाक भत्तामा सा सु कर कट्टि | ७१०० |
| ९ | | दफा नं ४७ | दोहोरो घरभाडा भुक्तानी | ५९४०० |
| १० | | दफा नं ४८ | अनुगमन भत्ता आंशिक फछ्यौंट | ११४०८५ |
| ११ | | दफा नं ४९ | बढी भुक्तानी | ४५०० |
| १२ | | दफा नं ५० | शीर्षक फरक पारी खर्च | १२८६७०६ |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०७९।८० (चालु वर्षको) | दफा नं ५२ | प्रशिक्षक भत्ता | ६१८८० |
| १४ | | दफा नं ५३ | नमूना विद्यालयलाइ व्यवस्थापन अनुदान | ५०००००० |
| १५ | | दफा नं ५६ | नर्म्स विपरीत भुक्तानी आंशिक फछ्र्यौट | २३२९० |
| १६ | | दफा नं ५७ | शीर्षक फरक पारी खर्च | २७९३१४० |
| १७ | | दफा नं ६१ | बालविकास सहजकर्ता अनुदान | ६००० |
| १८ | | दफा नं ६२ | बढी दरमा बैठक भत्ता आंशिक फछ्र्यौट | ८५०० |
| १९ | | दफा नं ६३ | वडागत फुटबल खर्च | १९२००० |
| २० | | दफा नं ६५ | शत प्रतिशत अनुदान | १०७८३५४ |
| २१ | | दफा नं ६८ | आय कर कट्टि | ५०४०० |
| २२ | | दफा नं ६९ | एकल महिला भत्ता | ४८३१५० |
| २३ | | दफा नं ७१ | भरपाइ बेगर बैठक भत्ता | ८५०० |
| २४ | | दफा नं ७२ | उपस्थिति बिना बैठक भत्ता | ३४०० |
| २५ | | दफा नं ७३ | बैठक भत्ता | ४४२०० |
| २६ | | दफा नं ७४ | केतुके बिरुवा खरिद | ५००००० |
| २७ | | दफा नं ७७ | पदाधिकारी भ्रमण खर्च | ६३६०० |
| २८ | | दफा नं ७८.२ | नमूना विद्यालय सुधार गुरुयोजना | १००००००० |
| २९ | | दफा नं ७९ | नमूना विद्यालयको क्रमागत भवन निर्माण | ५०००००० |
| ३० | | दफा नं ८२.४ | कफी प्रशोधन प्रयोगशाला निर्माण | ६०५७७३ |
| ३१ | | दफा नं ८२.५ | कफी प्रशोधन प्रयोगशाला निर्माण | ७५००० |
| ३२ | | दफा नं ८४ | झोलुङ्गे पुल योजना निर्माण | २२३८७७२ |
| ३३ | | दफा नं ८७ | स्थानीय राजस्व परामर्श समिति बैठक भत्ता | ४५०५० |
| ३४ | | दफा नं ८८ | समपुरक अनुदान | १७३४२१९ |
| ३५ | | दफा नं ८९ | दैनिक भ्रमण भत्ता तथा योजना अनुगमन भत्ता आंशिक फछ्र्यौट | ६११५३ |
| ३६ | | दफा नं ९१ | मेसिनबाट काम गराएको | ५७६५४२ |
| ३७ | | दफा नं १०२.२ | सामाजिक सुरक्षा भत्ता | १४४००० |
| ३८ | | दफा नं १०२.३ | सामाजिक सुरक्षा भत्ता | ६२६६ |
| | **चालु वर्षको जम्मा** | - | - | **५९९८४५६९.७८** |
| | **कुल जम्मा** | - | - | **५९९८४५६९.७८** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।११ देखि २०८०।६।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्यय र प्राप्ति तथा भुक्तानीको स्थिति अनुसूची-१ मा संलग्न छ ।

**(छ)** लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११९०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रमको नाम/ व. उ . शि . नं . | वापत | रकम | दाखिला मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| पालिका चालु | बढि दरमा बैठक भत्ता<br>भौ. नं . ५२८ र ८५५ | ११९०० | ०८०।६।२५ | कृषि विकास बैङ्क |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०५८१५८६८, जनसहभागिता रु १२५००० र अन्य रु ७५३४९२ खर्च सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २११६४५२१।७३ , यस वर्षको प्राप्ति रु.१०३२२४०४२।२१,यस वर्षको भुक्तानी रु. १०५०७३६११।१४ र बैङ्क मौज्दात रु. २३०४१०९१।१५फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक

कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि नं | विवरण | रकम | | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | २२९४८६८६।०८ | १ | चालु खर्च | ३०३९८१९२९।७१ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १५१२०१९८७।७२ |
| | ख) बैंक | २२१०१७५८।२५ | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| | ग) धरौटी | ११०५०९।८३ | | | |
| | घ) प्रकोप व्यवस्थापन | ७३६४१८ | ४ | धरौटी फिर्ता | २५५३३५२।११ |
| २ | राजस्व (आन्तरिक आय) | ७६४५९०४४।९६ | ५ | विविध खर्च | |
| | क) आन्तरिक राजस्व | ६११३२२२।७७ | | | |
| | ख) राजस्व बाँडफाँड | ७०३४५८२२।१९ | ६ | मौज्दात | |
| | ग) अन्य आय | | | क) बैंक मौज्दात | ३५५८४८५३।५ |
| ३ | वित्तिय हस्तान्तरण संघ | २९३३८२२१५ | | ख) धरौटी | ३५३४४६९।९९ |
| | क) वित्तिय समानीकरण अनुदान | ७७३३१२१५ | | ग) प्रकोप कोष | ७३६४१८ |
| | ख) सशर्त अनुदान | २११०५१००० | | घ) कल्याण कोष | |
| | ग) समपूरक अनुदान | ५०००००० | | ङ) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | | ७ | शसर्त अनुदान फिर्ता | |
| ४ | प्रदेश सरकार अनुदान | ६९३४४१९६ | ८ | सामाजिक सुरक्षा | १०५८१५८६८ |
| | क) वित्तिय समानीकरण अनुदान | ७६११००० | | | |
| | ख) सशर्त अनुदान | ३६२८४१९६ | | | |
| | ग) समपुरक अनुदान | २४९९९००० | | | |
| | घ) विशेष अनुदान | ४५०००० | | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अन्य | ७५३४९२ | | | |
| | क) पि एल जी यस पी | ३५२९०० | | | |
| | ख आखा कार्यक्रम | ४००५९२ | | | |
| ८ | धरौटी आय | ५९७७३१२।२७ | | | |
| ९ | सामाजिक सुरक्षा | १०५८१५८६८ | | | |
| १० | जनसहभागिता | १२५००० | | | |
| ११ | विविध आम्दानी | २८६०३०६४।७२ | | | |
| | जम्मा | ६०३४०८८७९।०३ | | जम्मा | ६०३४०८८७९।०३ |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) | ४४११३२०७।८१ | ४७७२३६१५०।७४ | ४५८४७९५२६।४० | ६२८६९८३२।१५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २२९४८६८६।०८ | ५८०४६०१९२।९५ | ५६३५५३१३७।५४ | ३९८५५७४१ |
| फरक | २११६४५२१।७३ | १०३२२४०४२।२१ | १०५०७३६११।१४ | २३०४१०९१।१५ |

२.४ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु २३,०५,७४,०६५.८३ रहेकोमा यस वर्ष रु ४,४१,१३,२०७.८१ जिम्मेवारी सारेको छ । यसरी घटी जिम्मेवारी सारेको रु १८६४६०८५८.०२ का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. (१२५८८१४६।६८) मौज्दात रहेकोमा यो वर्ष रु.२२९४८६८६।०८ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३५५३६८३२।७६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्दछ ।

२.६ पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरण अनुसार आयतर्फ विविध आम्दानि रु.२८६०३०६४।७२ जनाएकोमा सो रकम कसरी प्राप्त भएको हो विवरण पेश गरेको छैन । पालिकामा प्राप्त आम्दानी तथा खर्चको यथार्थ विवरण तयार हुनुपर्दछ ।

२.७ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसारमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | ५९०८११९७ | १८४४१७० |
| २ | चालु खाता | ० | २८४३५५ |
| ३ | पूँजीगत खाता | ० | ८४३६१०८ |
| ४ | मर्मत खाता | | |
| ५ | आन्तरिक राजश्व खाता | ० | ४०५६२१३ |
| ६ | बाँडफाँटबाट प्राप्त राजश्व खाता | ० | १३६४५३०६ |
| ७ | आन्तरिक अनुदान खाता | ० | ६०१४६६४ |
| ८ | स्थानीय विभाज्य कोष खाता | २५४१६५ | २५४१६५ |
| ९ | प्रकोप व्यवस्थापन कोष खाता | ० | ७३६४१८ |
| १० | विविध खर्च खाता | ० | ५६७६२० |
| ११ | धरौटी खाता | ३५३४४७० | ३५३४४७० |
| जम्मा | | ६२८६९८३२ | ३९३७३४८८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी वैंकमा घटि देखिएको रु २३४९६३४३।९० स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्ने देखिएको छ ।

२.८ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने

व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता, पूँजीगत खाता लगायत विभिन्न खातामा रु ३७५२९३१८ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.९ **बैक हिसाब मिलान -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा सुत्रको अनुसुचि २४ अनुसार खाता र वैंक अनुसारको रकम फरक देखिएको सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८०२२ | ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ४०,५६,२१२.७७ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८५३०२६ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | १,३६,४५,३०६.३१ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८०३० | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ६०,१४,६६४.०० |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८१७० | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | २,८४,३५४.५६ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८०६५ | ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ८४,३६,१०७.५८ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८१०३ | ग २.७, विविध खर्च खाता | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८५००१९ | ग ३.१, स्थानीय तह धरौटी खाता | ३५,३४,४६९.९९ | ३५,३४,४६९.९९ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४००१३ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५,९०,८१,१९७.४० | १८,४४,१७०.२५ |
| कृषि विकास बैंक लिमिटेड | ०२१३३००९८५८४८१११ | स्थानीय तह विभाज्य कोष खाता | २,५४,१६४.७६ | २,५४,१६४.७६ |
| जम्मा | | | ६,२८,६९,८३२.१५ | ३,८०,६९,४५०.२२ |

## ३ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकामा आन्तरिक लेखापरीक्षकको दरवन्दि पदपूर्ति समेत नगरी यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी समयमै सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

•पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।

• तलवी प्रतिवेदन पारीत नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• जिन्सि निरिक्षण नभएको

• पालिकामा लेखा समिति गठन नभएको

• भ्रमण भत्ता भुक्तानी भएकोमा पालिकाले दैनिक भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको

• खर्च लेखेको केहि गोश्वारा भौचर लेखा शाखामा नभई फाँटवालाले राख्ने गरेको

• केहि कर्मचारीको हाजिर रजिष्टर मा हाजिरी नजनाई खालि छोडेको तथा विदा लगायतका विवरण अद्यावधिक नगरेको

• भुक्तानीका गोश्वारा भौचरहरु पटक पटक रिभर्स हुने गरेको र खर्चका विल भरपाईहरु भुक्तानी खर्च भएको गोश्वारा भौचरमा संलग्न नरहेको ।

• पालिकावाट सञ्चलित केहि योजनामा सम्झौता भन्दा पहिलेको मितिमा कार्यदेश दिने गरेको । (गो भौ नं १०३।१।११) मा काउले खानेपानि मर्मत सिमढ्यान मुहान तल्लो आयोजनाको लागी मिति २०७९।९।१७ मा योजना सम्झौता भएकोमा २०७९।९।१५ देखि कार्य सुरु गरी २०७९।११।२८ सम्म पुरा गर्नुपर्ने शर्त उल्लेख भएको ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तत्काल तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ५ अनुदान फिर्ता

***✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर अनुदान फिर्ता गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.१७,९४६,३७१.६५ सम्परीक्षण गरिएको ।)***

## ६ धरौटी ट्रान्सफर तथा फिर्ता

पालिकाको वैंक स्टेटमेन्ट अनुसार यस वर्ष सञ्चित कोषवाट सोझै धरौटी खातामा रु२५१९४४ टान्सफर गरी धरौटी फिर्ता गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था अनुसार खर्च खाता मार्फत् धरौटी खातावाट धरौटी फिर्ता गर्नुपर्दछ ।

## ७ कर दायित्व

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२४३५११४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| बजेट उपशीर्षक | कर शिर्षक | कर रकम |
|---|---|---|
| गाउपालिका चालु | अग्रीम आय कर | १५२३४० |
| | बहाल कर -आ.रा.का. | १०८०० |
| | साबधिक बिमा-नागरिक लगानी कोष | ७४४०० |
| | सावधिक विमा -पालिका | ८०० |
| संघ सरकार हस्तान्तरण चालु | अग्रीम आय कर | ६८९६५ |
| | अन्य कट्टी | ३४८० |
| | अन्य वहाल कर | १५०० |
| | कर्मचारी संचय कोष कट्टी | ९१९८०२ |
| | घर वहाल कर | २१४५ |
| | पारिश्रमिक कर कट्टी | २५१८५४ |
| | बहाल कर -आ.रा.का. | ६७६५१ |
| | साबधिक बिमा-नागरिक लगानी कोष | १२०४५७ |
| | सामाजिक सुरक्षा कर | २५२७९ |
| गा पा पूजिगत | अग्रीम आय कर | २२१६६२ |
| | पारिश्रमिक कर कट्टी | १३५०० |
| | बहाल कर -आ.रा.का. | २१४७७० |
| | मूल्य अभिवृद्धि कर कट्टी | ६५३२७ |

| | | |
|---|---|---|
| | सामाजिक सुरक्षा कर | २०५०४२ |
| संघिय सरकार पूजिगत | मूल्य अभिवृद्धि कर कट्टी | १५३४० |
| | कुल जम्मा | २४३५११४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,३५,११४ |

## ८ पालनाको लेखापरीक्षण

८.१ आवधिक योजना — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८.२ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८.३ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८.४ बजेट पेश, पारित र अख्तियारी — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने

अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.५१ करोड ९० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१०मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।५।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८.५ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५वडाको लागि वडागत र पालिकास्तरका कुल १४० योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२०लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| पालिका तथा वडास्तरीय | १४० | ६ | ३५ | ९९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये केहि कार्यान्वन भएको र केहि कार्यान्वयन नभई अन्य योजनमा रकमान्तर गरेको पाईयो । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८.६ लक्ष्य प्रगति : कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

८.७ वार्षिक खरिद योजना/ खरिद गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५१२०१९८७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.८ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४९८९०००० | ४२२२७६४४ | ९ |
| २ | पूर्वाधार विकास | १२४०१३४०३ | १०३४०५९३२ | २३ |
| ३ | सामाजिक विकास | २१०५५६००० | १९३९९०२७४ | ४३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ११४१९००० | ९८२००९८ | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२३११४३६८ | १०५७३९९६९ | २३ |
| जम्मा | | | ४५५१८३९१७।४ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये मा सबैभन्दा बढी सामाजिक विकासमा ४३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ ।

## ९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ .

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ११ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४६०४१४३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६११३२२२ अर्थात अनुमान भन्दा ३२ प्रतिशत बढी आय प्राप्त गरेको छ ।राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

## १२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४६०४१४३ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६११३२२२ अर्थात अनुमान भन्दा ३२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९३३८२२१५ | ६११३२२२।७७ | २.०८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.०८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १३ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ

। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

## १४ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता शुल्क वापत रु.७२०५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १५ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ११३१३ एकीकृत सम्पती कर | ३,००,०००.०० | ० | ० |
| ११३१४ भुमिकर/मालपोत | १०,००,०००.०० | ४,०३,६२४.९३ | ११,३९,१४०.५२ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ७,००,०००.०० | ० | ० |
| ११३२१ वहाल कर | ३,००,०००.०० | ९,४५०.०० | १,५०,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,०९,५४,०००.०० | ६,९७,७६,७८३.२८ | ३,११,५६,२१८.३८ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | १,५१,२१,४०४.९५ | १,००,३५,८००.१९ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,२९,१८,०००.०० | १,२५,५०,७६५.६८ | ० |
| ११६९१ अन्य कर | ३,५०,०००.०० | ५६,८१,९५२.८४ | १,५०,०००.०० |
| जम्मा कर राजस्व | ८,६५,२२,०००.०० | १०,३५,४३,९८१.६८ | ४,२६,३१,१५९.०९ |

| | | | |
|---|---|---|---|
| बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | ० | ० | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त आय | ३०,००,०००.०० | ७,६३,५१५.०० | ३,५२,७००.०० |
| १४२४२ नक्सापास दस्तुर | ५,००,०००.०० | ३,६१०.०० | २,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ५,००,०००.०० | १,१००.०० | ५,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९,००,०००.०० | ७,२०५.०० | ० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | १,५०,०००.०० | ६,२८०.०० | ० |
| जम्मा गैर कर राजस्व | ५०,५०,०००.०० | ७,८१,७१०.०० | १०,५२,७००.०० |
| | | | |
| जम्मा आन्तरिक राजस्व | ९,१५,७२,०००.०० | १०,४३,२५,६९१.६८ | ४,३६,८३,८५९.०९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१६ **राजश्व वाँडफाँड**

विनियोजन ऐन २०७९ तथा आर्थिक ऐन २०७९ अन्तर्गत यस पालिकाले दहत्तर वहत्तर शुल्क वापत असुली गरेको रकम संघ,प्रदेश तथा पालिकामा वाँडफाँड गर्नुपर्ने व्यवस्था छ । पालिकामा यस वर्ष दहत्तर वहत्तर शुल्क वापत रु१५,२६,६८९.७६ संकलन भएकोमा लेखापरीक्षण अवधिसम्म रु १२,७२,५२५.०० राजस्व वाँडफाँड भई रु २,५४,१६४.७६ वाँडफाँड गर्न वाँकि भएकोले सो रकम राजस्व वाँडफाँडगरी सम्वन्धित निकायलाई पठाउनुपर्ने देखिएको रु २,५४,१६४.७६

१७ **स्वकीय सचिव र कानुनी सल्लाहकार**

*........... (प्रारम्भिक प्रतिवेदन उपर बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.८,८५,००० सम्परीक्षण गरिएको ।)*

## १८ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा रु ४९ लाख १६ हजार खर्च लेखेको देखिन्छ।

## १९ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ६११३२२२.७७ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५७४३४६९७०।१८ समेत रु.५८०४६०१९२।९५ आम्दानी भएकोमा चालु तर्फ रु. ३०३९८१९२९।७१ र पूँजिगत तर्फ रु. १५१२०१९८७।७२ र वित्तीय ब्यबस्था तर्फ रु १०८३६९२२०।११ समेत रु ५६३५५३१३७।५४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४९१६०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ८०.४१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुंजीगत खर्च | १५१२०१९८७ | २३७०३८० | १३२९३३८८ | १३५५३८२१९ | ५७३०३३०८ |
| प्रतिशत | १०० | २ | ९ | ९० | ३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५ करोड १२ लाख निकासा भएकोमा प्रथम चौमासिकमा २ प्रतिशत, दोस्रो चौमासिकमा ९ प्रतिशत र तेस्रो चौमासिकमा ९० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ

। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २१ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.४२ देखि ४० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | Khaharetar Satar Hudai Bagmara Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | ८७०१४५३ | ६०४९९६४ | ३० |
| 2 | Zero Kilo Bata Dadako Pato Sadak Starunnati | K.B construction | ८६३२८८१ | ६२०४८७१ | २८ |
| 3 | Dadagau Alchhedhunga Dhansar Hudai Manedada Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | १७१६७०६७ | १०८०१२५३ | ३७ |
| 4 | Dadako Pato Jwalamukhi Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | ८६३३८०१ | ५८९३३९२ | ३२ |
| 5 | Bohore Sathiya Bangeswara Byutar Sadak Starunnati | Rohana Construction | ८६२८८८८ | ५२०४१३६ | ३९ |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | Jungepani Khanepani Tadi 6 | Skill Field Construction & Consultancy Pvt.Ltd. | ३८८४४१७ | ३८६८०४२ | ०.४२ |

## २२ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २३ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सिफारिस सम्बन्धी सफ्टवेयर खरिद गरी रु.३०४००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

## २४ डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार बागमारा शहिद पार्कको लियोनार्दो ईन्जिनियरिङ्ग मार्फत् डि पि आर तयारी का लागी रु ५००००० भुक्तानी गरेकोमा सो फर्मले पार्क निर्माण सम्पन्न गर्न रु ३०२५८८७६।९४ लागत लाग्ने प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको छ । उपरोक्त वमोजिमको डि पि आर गर्ने कार्यालयको लागि कार्यालयमा प्राविधिक जनशक्ति पर्याप्त नरहेको अवस्था नदेखिएकोले यस्ता डिपि आर लगायतका प्राविधिक काम कार्यालयकै जनशक्तिवाट गर्ने गराउने तर्फ ध्यान जानु पर्ने देखियो । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्ति बाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको त्यस तर्फ ध्यान दिनु पर्दछ ।

## २५ वीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनाहरु निर्माण गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा विमा व्यवस्था गरेपनि उपभोक्ता समितिहरुले गर्ने केहि काममा विमा

सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्युनिकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

| सि नं | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| १ | सातविसे वागमारा सडक निर्माण उ स | ५३५८०२१ | ५०००००० |
| २ | डाडागाउ राउचुलि सडक निर्माण उ स | ५३५२०३७ | ५०००००० |
| ३ | बागमारा सहिदपार्क निर्माण उ स | ४३२४८९५ | ४०००००० |
| ४ | डाडागाउ सडक ढलान उपभोक्ता समिति | ३१७०८९२ | ३०००००० |

## २६ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## २७ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कार्यसम्पन्न | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८७।१२।३० | मोटरवाटो सफाई उपभोक्ता समिति वडा नं २ | सडक खन्ने तथा सफा गर्ने | ५६६१५० | स्काभेटर | ४८०००० |
| १४२।२।९ | भर्याङ्गडाडा आत्मारा सडक निर्माण वडा नं ५ | सडक खन्ने | ४२४४८२ | स्काभेटर डोजर | ४२८८३५ |
| १५६।२।१९ | ठुलोखेत मुसुरे सडक निर्माण | सडक निर्माण | ४२६७६९ | स्काभेटर डोजर | ४२८८३५ |

२८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२९ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३० **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ३१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, नियमावली र कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केहि कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ३२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको ५४ गरी कुल ६२ विवाद दर्ता भएकोमा ३९ वटा मात्र फस्यौंट भई २३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ३३ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## ३४ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी आर्थिक सहायता माग गरेका गरिवि अवस्था, घर भत्किएका, वाख्रा मरेका तथा घरपालुवा जनावर विरामि भएका लगायत समस्या देखाएका विभिन्न ७० व्यक्तिहरु र संघसंस्थालाई रु. १४९६५०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६११६२२२।७७ को २४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## ३५ स्वास्थ्य तर्फको तलवी प्रतिवेदन

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(क)६ बमोजिम स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराइ तलव भत्ता खर्च लेख्नुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले स्वास्थ्यतर्फका ३४ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु १,४०,७६,७९९।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाइ भुक्तानी गरेको तलव भत्ता तथा ग्रेड रकम यकिन गर्न सकिएन ।

## ३६ शिक्षक दरबन्दी र पदपूर्ति

आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | दरबन्दी मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| ३० | १५९ | १०० | ५९ | ० | ३८५५ | २४.२४ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२४ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पदपूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ३७ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | १६, ५७ , ०५ , ६६६ | १, ५२७ , ३८ , २०८ | ३८५५ | ३९६२१ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु३९६२१।- रहेको देखिन्छ ।

## ३८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन

गर्नुपर्ने हुन्छ । तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका ६ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक/ गोरेटो | ११ | ४१९१२०० |
| २ | खानेपानी तथा सरसफाइ | १ | २७०४०० |
| जम्मा रु | | | ४४,६१,६००। |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु६५,७५,०००।- रकम व्यवस्था भएकोमा रु६४,८१,२९५ ।- करिब ९८.५७ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु ४४,६१,६००।- श्रमिकको ज्यालामा उपभोक्ता समिति मार्फत खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ५५३ जना मध्ये यस वर्ष ६६ जनालाइ जम्मा ६६०० दिन रोजगारी प्रदान गरेको देखिन्छ ।निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

## ३९ टुक्रे खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाइ सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी खरिद कार्य गर्नुपर्नेमा पालिकाले निम्नानुसारका भौचरबाट नियम विपरीत हुने गरी खरिद योजना तयार नगरिकनै वर्षान्तमा टुक्रा टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन । यसरी वर्षान्तमा खरिद गरिएका सामाग्री अझै जिन्सीमा मौज्दात रहेको पाइएकाले आवश्यकताका आधारमा सामाग्रीहरु खरिद गरी वितरण गरिनुपर्दछ ।

| गो भौ नं | सामाग्रीको नाम | आपूर्तकको नाम | रकम रु |
|---|---|---|---|
| २७२।०८०।२।२४ | न्यानो झोला सेट | झरना इन्टरप्राइजेज | ७१, १९०। |
| २७२।०८०।२।२४ | न्यानो झोला सेट | साश्वत सर्जिकल प्रा लि | २६, ७००। |
| ३४७।०८०।३।२२ | न्यानो झोला सेट | झरना इन्टरप्राइजेज | ५०, ८५०। |
| ३६७।०८०।३।२२ | न्यानो झोला सेट | साश्वत सर्जिकल प्रा लि | ३९, ३८०। |
| जम्मा रु | | | १८८१२०। |
| ३४२।०८०।३।२१ | स्टेशनरी सामाग्री | रिजाल बुक्स एण्ड स्टेशनरी सप्लायर्स | ९७, ७२५। |

| | | | |
|---|---|---|---|
| ३४३।०८०।३।२१ | स्टेशनरी सामाग्री | भैरवी प्रिन्टर्स एण्ड स्टेशनर्स | ९९, ६६६। |
| ३९३।०८०।३।२४ | स्टेशनरी सामाग्री | भैरवी प्रिन्टर्स एण्ड स्टेशनर्स | ९९, ३९४। |
| जम्मा रु | | | २९६, ७८५। |
| २०८।०८०।१।४ | औषधी, सर्जिकल आइटम | सापकोटा मेडिकल हल | ११४, ६१५। |
| २१०।०८०।१।४ | सर्जिकल आइटम | साश्वत सर्जिकल प्रा लि | ११९, ३७३। |
| २५३।०८०।२।१८ | औषधी, सर्जिकल आइटम | भिमदेवी मेडिसिन कन्सर्न | १५, १३ , ५५१। |
| २५९।०८०।२।२३ | औषधी | काठमाण्डौ आयुर्वेद डिष्ट्रिब्युटर्स | ३९७, ७६०। |
| जम्मा रु | | | २१, ४५ , २९९। |
| २१४।०८०।१।६ | ल्यापटप, प्रिन्टर | मायादेवी ट्रेड कन्सर्न | १२३, ६७२। |
| ४०२।०८०।३।२४ | डेस्कटप, ल्यापटप , प्रिन्टर | सागर इ स्टोर | ७६८, १७४। |
| ४११।०८०।३।२४ | ल्यापटप | नेपाल आइटी स्टोर | २८०, ०००। |
| जम्मा रु | | | ११, ७१ , ८४६। |
| कुल रु | | | ३८, ०२ , ०५०। |

४० **ओ जे टि व्यवस्थापन**

*...........(प्रारम्भिक प्रतिवेदन उपर अमरज्योति मा विको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.७,८०,००० सम्परीक्षण गरिएको ।)*

४१ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर पञ्चकन्या आ विको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,२१,०००।- सम्परीक्षण गरिएको । )*

४२ **निजी स्रोत शिक्षक**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१७ को निर्णयबाट रु.६,८४५,१७५।- सम्परीक्षण गरिएको । )*

४३ **सामुदायिक सिकाइ केन्द्रलाइ अनुदान**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर महाकाली सामुदायिक अध्ययन केन्द्र, लगनशील सामुदायिक अध्ययन केन्द्र, बच्छलादेवी सिकाइ केन्द्र र सिर्जनशील सामुदायिक अध्ययन केन्द्रको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.८,००,०००।- सम्परीक्षण गरिएको । )*

४४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले गो भौ नं ११३।०७९।९।३ बाट औषधालयतर्फको घरभाडा प्रतिमहिना रु १२१००। का दरले साउनदेखि मंसिर महिना सम्मको बहाल कर कट्टिपछि कुल रु ५९८९५। भुक्तानी दिनुपर्नेमा रु ६५३४०। भुक्तानी दिएको छ । यसरी बढी भुक्तानी भएको रकम रु ५७४५। घरबेटी श्री केशवराज उप्रेतीबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७४५ |

४५ **दोहोरो तलब भुक्तानी**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.२,३२,०४३.१३। सम्परीक्षण गरिएको ।)*

४६ **पोषाक भत्तामा सा सु कर कट्टि**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.७,१००। सम्परीक्षण गरिएको ।)*

४७ **दोहोरो घरभाडा भुक्तानी**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.५९,४००। सम्परीक्षण गरिएको ।)*

## ४८ अनुगमन भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै पनि सुविधा निर्धारण गर्दा यस ऐनले तोकिदिएका सुविधालाइ अधिकतम सुविधा मानेर सम्बन्धित सभाले आफ्नो अधिकार क्षेत्रभित्रका आर्थिक श्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ ।

साथै अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.५ मा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनुपर्ने र बढीमा ३ जनाको टोली खटाउनुपर्ने व्यवस्था रहेको छ । निर्देशिकामा कुनै पनि कार्यक्रम एंव आयोजनाको अनुगमन गरेबापत भत्ता भुक्तानी हुने भनि उल्लेख नभएको पाइयो । तर, पालिका अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरुले देहायका भौचरबाट संघीय सशर्त तर्फका कार्यक्रमहरुमा सहभागी भइ ऐन तथा निर्देशिकाले तोकेका बाहेकको अनुगमन भत्ता सुविधा बुझेको पाइयो । यसरी भत्ता भुक्तानी हुनु नियमसम्मत नदेखिएकोले सम्बन्धितबाट सो रकम असुल गर्नुपर्ने रु

| गो भौ नं | कार्यक्रम।शीर्षकको नाम | अनुगमन संख्या | अनुगमकर्ताको नाम | दर रु | कुल रकम कर कट्टि पछि रु |
|---|---|---|---|---|---|
| ९९।०७९।८।१४ | कोभिड १९ विरुद्धको खोष अभियान तथा राष्ट्रिय भिटामिन ए कार्यक्रम | ६ | श्री सन्तमान तामाङ | १५०० | ७६५० |
| | | ६ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १५०० | ७६५० |
| | | ६ | श्री प्रयास भट्टराइ | १५०० | ७६५० |
| | | ६ | श्री दिपेश भण्डारी | १५०० | ७६५० |
| जम्मा रु | | | | | ३०६०० |
| ११९।०७९।९।७ | औषधालयको तलब, भत्ता , सञ्चालन खर्च तथा कार्यक्रम बजेट : आयुर्वेद | १५ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १५०० | १९१२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | औषधालयहरुको अनुगमन | | | | |
| | | ६ | श्री प्रयास भट्टराइ | १५०० | ७६५० |
| | | १५ | श्री दिपेश भण्डारी | १५०० | १९१२५ |
| जम्मा रु | | | | | ४५९०० |
| २५८।०८०।२।१९ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम : | ४ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १६०० | ५४४० |
| | | ४ | श्री देबकी बि क | १६०० | ५४४० |
| | | २ | श्री सोनाम तामाङ | १६०० | २७२० |
| | | १ | श्री सिरमान तामाङ | १६०० | १३६० |
| | | २ | श्री सुरेन्द्र श्रेष्ठ | १०००।१६०० | २२१० |
| जम्मा रु | | | | | १७१७० |
| ३१८।०८०।३।१२ | गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम | २ | श्री सन्तमान तामाङ | १६०० | २७२० |
| | | २ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १६०० | २७२० |
| | | २ | श्री सिरमान तामाङ | १६०० | २७२० |
| जम्मा रु | | | | | ८१६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३७।०८०।३।२१ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | २ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १६०० | २७२० |
| | | २ | श्री देबकी बि क | १६०० | २७२० |
| | | २ | श्री सुरेन्द्र श्रेष्ठ | १६०० | २७२० |
| जम्मा रु | | | | | ८१६० |
| ३२९।०८०।३।२० | गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम | २ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १६०० | २७२० |
| जम्मा रु | | | | | २७२० |
| ४०९।०८०।३।२४ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाको अनुगमन | १२ | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १००० | १०२०० |
| | | २ | श्री नकुर दोङ तामाङ | १००० | १७०० |
| | | २ | श्री बच्चु राम तामाङ | १००० | १७०० |
| जम्मा रु | | | | | १३६०० |
| २९६।०८०।३।१ | संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवं विद्यार्थी मूल्यांकन : विद्यालय अनुगमन तथा सुपरीवेक्षण भत्ता | १० | श्री सन्जु प्याकुरेल श्रेष्ठ | १००० | ८५०० |
| कुल रकम रु | | | | | १३४८१० |

*........... (प्रारम्भिक प्रतिवेदन उपर खेमराज छिनाल, विनोदराज खरेल, विदुर पाण्डे, राजेन्द्र पाठक, रामचन्द्र कार्की, पुरुषोत्तम वाग्ले, सन्तु लामा, साबित्री खनाल, इश्वर श्रेष्ठ, धन बहादुर रावत, शर्मिला थापा, सरोज भण्डारी, गोपाल खनाल, गणेश अधिकारी र सन्तोषी लामाको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.१,१४,०८५।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३४,८१० |

४९ **बढी भुक्तानी**

*...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.४,५००। सम्परीक्षण गरिएको ।)*

५० **शीर्षक फरक पारी खर्च**

*........... (प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.१,२८६,७०६।- सम्परीक्षण गरिएको । )*

५१ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारको आय व्यय र कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । तर, पालिकाले लेखापरीक्षणको क्रममा संघीय सशर्त चालु तर्फका देहायका भौचरबाट भएका खर्चको प्रमाण पेश गरेको छैन । पालिकाले उल्लिखित भौचरबाट भएको खर्चको प्रमाण पेश गर्नुपर्ने रु

| शीर्षक | गो भौ नं | रकम रु |
|---|---|---|
| संघीय सशर्त चालु | ५।०७९।६।७ | ३३६२५। |
| | ३३।०७९।६।१२ | ३०००००। |
| | ३४।०७९।६।१३ | ५२४२६८। |
| | ६३।०७९।७।६ | ६५८०४। |
| | ६५।०७९।७।६ | २२१५४३। |
| | ६७।०७९।७।१८ | ७०६५३५। |

| | | |
|---|---|---|
| | ६८।०७९।७।१८ | १७४६९८। |
| | ८०।०७९।७।२२ | ६५८०४। |
| | ८१।०७९।७।२२ | ४८१९७८। |
| | १६५।०७९।१०।१५ | ५४९८८६। |
| | जम्मा रु | ३१, २४ , १४१। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,२४,१४१ |

५२ **प्रशिक्षक भत्ता**

***..........(प्रारम्भिक प्रतिवेदन उपर विनोदराज खरेल र राजेन्द्र पाठकको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.६१,८८०। सम्परीक्षण गरिएको ।)***

५३ **नमूना विद्यालयलाइ व्यवस्थापन अनुदान**

***..........(प्रारम्भिक प्रतिवेदन उपर अमरज्योति मा विको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.५,०००,०००। सम्परीक्षण गरिएको ।)***

५४ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम (३) मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने तथा भ्रमण खर्च नियमावली २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमअनुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाइ सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । देहायक कर्मचारी तथा पदाधिकारीले विभिन्न मितिमा भ्रमण भत्ता बुझकोमा नियमबमोजिमको भ्रमण आदेश, भ्रमण विल तथा भ्रमण प्रतिवेदन पेश नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल उपर गर्नुपर्ने रु.

| भौ. नं . र मिति | खर्च शिर्षक | भ्रमण गर्ने व्यक्तिको नाम र पद | भुक्तानि रकम | अपुग विल रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३४।।०७९।६।७ | अनुगमन मुल्यांकन तथा भ्रमण भत्ता | प्र. प्र . अ . श्री प्रयास भट्टराई | ४२९०० | १८९०० | रु२४००० को भ्रमण आदेश र भ्रमण बील मात्र पेश भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७।०७९।६।७ | जनप्रतिनिधि स्वदेश भ्रमण भत्ता | अध्यक्ष श्री सन्तमान तामाङ | ४९२०० | ४९२०० | भ्रमण आदेश, भ्रमण विल तथा भ्रमण प्रतिवेदन पेश नभई भुक्तानी |
| ४७।०७९।६।७ | अनुगमन मुल्यांकन तथा भ्रमण भत्ता | ह. स . चा . श्री दिल बहादुर तामाङ | ६२५० | ६२५० | भ्रमण आदेश, भ्रमण विल तथा भ्रमण प्रतिवेदन पेश नभई भुक्तानी |
| | | | जम्मा | ७४३५० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,३५० |

## ५५ मू.अ. कर कट्टि नगरेको

मूल्य अभिवृद्धि ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको संसोधित व्यवस्था तथा आर्थिक विधेयक, २०७८ अनुसार विभिन्न व्यवसायी, आपूर्तिकर्तालाई ठेक्का तथा सम्झौता गरी मू.अ.कर रकम भुक्तानि गर्दा सोको ३०% मूल्य अभिवृद्धि कर कट्टि गरी उक्त रकम पालिकाले सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न गो.भौ.नं. र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्तकलाई मू.अ.कर रकम भुक्तानि गर्दा सो नियम विपरीत पुरै रकम भुक्तानि गरेकाले व्यवसायीहरुले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु .

| गो. भौ . नं . र मिति | व्यवसायी/ फर्मको नाम | विल रकम( भ्याट बाहेकको ) | भ्याट रकम | ३०% भ्याट कट्टि रकम |
|---|---|---|---|---|
| ६०१।०८०।२।३ | स्मार्ट सोलार प्राली | २६४१५९ | ३४३४० | १०३०२ |
| ६०२।०८०।२।३ | रोनिश इन्टरप्राइजेज | २०८५०० | २७१०५ | ८१३१ |
| ६३५।०८०।२।९ | जय भिमसेन वाथ एण्ड सेनेटरी सप्लायर्स | १७९२०० | २३२९६ | ६९८९ |
| ६७५।०८०।२।१८ | राज झोला उद्योग | २७२६०० | ३५४३८ | १०६३१ |
| ७३३।०८०।२।२८ | आर डि सप्लायर्स | २६१९४६ | ३४०५३ | ४४२७ |
| ७३७।०८०।२।२८ | वेलकम इन्टरप्राईजेज | ८०२५५० | १०४३३१ | ३१२९९ |

| | | | | |
|---|---|---|---|---|
| ७५४।०८०।२।३० | बेस्ट सुविधा अटो कम्पनि प्रालि | २६७७७० | ३४८१० | १०४४३ |
| ७५५।०८०।२।३१ | सफ्टेक फाउण्डेशन प्रालि | ३०८००० | ४००४० | १२०१२ |
| ७६०।०८०।२।३२ | ए एन ए टेक्नोलोजी प्राली | २१९४४० | २८५२७ | ८५५८ |
| ८०७।०८०।३।१२ | गंगा ईन्जिनियरीङ्ग एण्ड डिजाईनिङ्ग कन्सल्टेन्सी प्रालि | ८८३६०० | ११४८६२ | ३४३३९ |
| | | | जम्मा | १३७१३१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३७,१३१ |

## ५६ नर्म्स विपरीत भुक्तानी

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५सि.नं. ३ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत पालिका स्तरमा रु. ७०० र कार्यपत्र वापत रु. ८०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ । पालिकाबाट निम्नअनुसारका विभिन्न तालिम सञ्चालन गर्दा एउटै निकाय भित्रको कर्मचारीले तालिम सञ्चालन गर्दा कार्यपत्र वापतकोरकम मात्र र बाह्य प्रशिक्षक भए प्रशिक्षक भत्ता तथा कार्यपत्रको रकम भुक्तानि गर्नुपर्नेमा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल उपर गरी दाखिला गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | कक्षा संख्या | दिएको कूल रकम | दिनु पर्ने | बढि ( कर कट्टि पश्चात ) |
|---|---|---|---|---|---|---|
| ६२३।०८०।२।४ | न्यायिक समिति तथा मेलमिलापकर्ता कार्यक्रम ( | बाह्य प्रशिक्षक श्री चुप बहादुर थापा | ८ | ३२००० | १२००० | १७००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालक सिता खनाल ) | बाह्य प्रशिक्षक श्री निरुमाया थिङ | ८ | १६००० | १२००० | ३४०० |
| | | आ. प्र . श्री रामचन्द्र देवकोटा | ३ | ४५०० | २४०० | १७८५ |
| ८३७।०८०।३।२० | अपाङ्ग सहायता कार्यक्रम( बाख्रा पालन कसरी गर्ने ) ३ दिने कार्यक्रम | बाह्य प्रशिक्षक श्री सुरेश सवेदी | ६ | २४००० | ९००० | १२७५० |
| | | | | | जम्मा | ३४९३५ |

*........... (प्रारम्भिक प्रतिवेदन उपर नविन राना मगर, कृतिका भण्डारी, विष्णु प्रसाद भण्डारी, रमेश जंग कुंवर र मिन थापाको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.२३,२९०।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,९३५ |

५७ **शिर्षक फरक पारी खर्च**

*........... (प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,७९३,१४०।- सम्परीक्षण गरिएको । )*

५८ **पूजा पाठ अनुदान**

पालिकाले गाँउसभाले पारित गर्ने कार्यक्रममा विभिन्न पुजा समितिहरुको निवेदन तथा पालिका अध्यक्षवडा तथा अध्यक्षहरुको तोकआदेशमा भुक्तानि लिई विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरेको छ । कार्यक्रम धार्मिक तथा ऐतिहासिक कार्यक्रमहरु सञ्चालन कार्यविधि बनाई गरिनुपर्दछ ।यसका केहि उदाहरणहरु देहायबमोजिम रहेका छन् ।

| भौन र मिति | खर्च शिर्षक | खर्च रकम | भुक्तानि प्रासकर्ता |
|---|---|---|---|
| ६।०७९।५।२८ | विविध कार्यक्रम कोत पूजा ल्होसार नेवासंमत आदि समेत | २००००० | शिवालया मन्दिर व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| २४।०७९।६।५ | विविध कार्यक्रम कोत पूजा ल्होसार नेवासंमत आदि समेत( तिज विशेष कार्यक्रम सञ्चालन वापत ) | ४५०००० | प्रभु डाँडा कृषि महिला संस्था |
| ८९।०७९।६।१२ | विविध कार्यक्रम कोत पूजा ल्होसार नेवासंमत आदि समेत( तिज विशेष कार्यक्रम सञ्चालन वापत ) | १००००० | सुन्दरादेवी सांस्कृतिक विकास समाज |
| ९०।०७९।६।१२ | विविध कार्यक्रम कोत पूजा ल्होसार नेवासंमत आदि समेत( तिज विशेष कार्यक्रम सञ्चालन वापत ) | ५०००० | सुन्दरादेवी सांस्कृतिक विकास समाज |

५९ **याक प्रवर्द्धन कार्यक्रम** (६८५-२०८०-२-११):

चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ४को दफा १३(१) बमोजिम चौरीको लागि भाले याक खरीद गर्दा पालिकाबाट बढिमा रु. ८०००० र कृषक समूहबाट कम्तिमा रु. २०००० लगानिमा याक खरीद गर्न सकिने उल्लेख छ । पालिकाले नुर्बुलिङ कृषि तथा पशुपालन फर्म सँग सम्झौता गरी रु. १४५५०० मा याक खरीद गरेकोमा पालिकाले कार्यविधि अनुसार रु. ८०००० मात्र भुक्तानि दिनुपर्नेमा रु.१४५५०० भुक्तानी दिएकोले बढि भुक्तानि रकम नुर्बुलिङ कृषि तथा पशुपालन फर्म सँग असूल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,५०० |

६० **कार्य सम्पन्न प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले आप्रह पुल संरक्षण कार्यका लागि आप्रह पुल संरक्षण उपभोक्ता समितिलाई विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानि हुने गरी भौ.नं. र मिति १८।०७९।६।४बाट रु. ५४१३३४ रकम भुक्तानि भएकोमा लागत अनुमान, नापि किताब तथा कार्यसम्पन्न प्रतिवेदन आदि प्रमाण कागजात पेश नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४१,३३४ |

६१ **वालविकास सहजकर्ता अनुदान**

***..........(प्रारम्भिक प्रतिवेदन उपर अमर ज्योति माध्यामिक विद्यालयको बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.६,०००। सम्परीक्षण गरिएको ।)***

## ६२ बढि दरमा बैठक भत्ता

स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ मा स्थानीय तहमा कार्यरत पदाधिकारीहरुले प्रति बैठक रु. १०००।— का दरले बैठक भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ ।पालिकामा पालिका अध्यक्षको अध्यक्षतामा देहायका विभिन्न समितिहरुको बैठक बसि रु. १५००।— का दरले भत्ता बुझेको पाईयो ।यसरी बढि भुक्तानि भएको बैठक भत्ता रकम सम्बन्धितबाट असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| भौ. नं . र मिति र कार्यक्रमको नाम सञ्चालनकर्ता | पदाधिकारी। कर्मचारीको नामथर | बैठक संख्या | दिएको भत्ता रकम | दिनुपर्ने भत्ता रकम | बढि भत्ता रकम ( करकट्टि सहित ) |
|---|---|---|---|---|---|
| ५२८।०७९।१२।२९ | नगर प्रमुख श्री सन्तमान तामाङ | ८ | १२००० | ८००० | ३४०० |
| र ८५५।०८०।३।२२ | उपप्रमुख श्री सन्जु प्याकुरेल | ८ | १२००० | ८००० | ३४०० |
| (शिक्षा समितिको बैठक भत्ता ) ( शिक्षक श्री दिपक प्रसाद सिटौला ) | सदस्य श्री बच्चुराम तामाङ | ६ | ९००० | ६००० | २५५० |
| | सदस्य श्री देवकि विक | ८ | १२००० | ८००० | ३४०० |
| | शिक्षा संयोजक श्री अश्विन कुमार पाण्डे | ७ | १०५०० | ७००० | २९७५ |
| | प्रप्रअ श्री प्रयास भट्टराई | २ | ३००० | २००० | ८५० |
| | आमन्त्रित श्री नकुर दोङ तामाङ | १ | १५०० | १००० | ४२५ |
| | आमन्त्रित श्री सोनाम तामाङ | १ | १५०० | १००० | ४२५ |
| | | | | जम्मा | १७,४२५ |

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर राजन पाठक, सुरेन्द्र अधिकारी, विना शर्मा र अमर बहादुर श्रेष्ठको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु ८.,५००।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,४२५ |

६३ **वडागत फुटबल खर्च**

✂ ...........*(प्रारम्भिक प्रतिवेदन उपर वडागत फुटबल खर्चको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु.१,९२,०००। सम्परीक्षण गरिएको ।)*

६४ **खेलाडीको औषधी उपचार खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न हुनुपर्दछ।भौ.न. र मिति ९४५।०८०।३।२४ बाट पालिकाका वडा सदस्य तादि -४ श्री विष्णु अधिकारीले खेल खेल्दा घाईते भएका तिन जना खेलाडिहरु श्री प्रनिश मैनाली, श्री सुवास तामाङ र श्री सुरेश श्रेष्ठको अस्पतालका विल प्रमाण कागजात पेश गरी रु. २७५४३० भुक्तानि लिएकोमा घाईते भएका खेलाडिहरुले सो कागजात अनुसारको के-कति रकम बुझेको भर्पाई पेश नभएकोले घाईतेले रकम बुझे नबुझेको यकिन गर्न नसकिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७५,४३० |

६५ **शत प्रतिशत अनुदान**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.१,०७८,०४५।- सम्परीक्षण गरिएको । )*

६६ **अध्यक्षकप भलिबल प्रतियोगिता** (६४२-२०८०-२-९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।साथै नियमावलीको नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढि रकमको सोझै खरीद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तिनवटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने उल्लेख छ । पालिकाले मिति ०७९।१०।१८ देखि ०७९।१०।२१ सम्म पालिकास्तरीय अध्यक्षकप भलिबल प्रतियोगिता कार्यक्रम सञ्चालनका निम्ति कूल रु.१८७६६६७ खर्च भुक्तानि गरेको छ । अध्यक्षकप भलिबल प्रतियोगिता खर्च तेरीजमा शिक्षक श्री दिपक कु. सिटौलाले रु. ९९९००० पेश्कि फछ्यौट र खेलकुद सदस्य श्री दिप कुमार श्रेष्ठको खर्च सोधभर्ना रु. ८७७६६७ गरी कूल रु. १८७६६६७ को खर्च भुक्तानि भएकोमारु. १ लाख भन्दा बढिका सोझै खरीदमा नियमावलीमा भएका व्यवस्था पालना गरेको छैन । पालिकाले उत्पादनमूलक प्रकृतिका

कार्यक्रममा खर्च गर्नुपर्नेमा यस्ता प्रकृतिका खर्चले पालिकामाथि थप व्ययभार पर्ने भएकाले पालिकाले मितव्ययिता अपनाएर यस्ता प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

६७ **वहाल कर** (१८-२०७९-६-४):

आयकर ऐन २०५८ को दफा ८८ मा भाडा भुक्तानिमा १० प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने उल्लेख छ। पालिकाले आप्रह पुल निर्माण संरक्षण उपभोक्ता समिति द्वारा गरीएको आप्रह पुल संरक्षण कार्यमा जे.सि.बि. को भाडा वापत रु. ६७५७४ भुक्तानि दिदा सम्झौताअनुसार १० प्रतिशत बहाल कर कट्टि गर्नु पर्नेमा नगरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७५७ |

६८ **कर कट्टि**

आयकर ऐन २०५८ को दफा ८८ मा बैठक भत्ता वा पटके भुत्तानिमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. र मिति ७३२।०८०।२।२८ मार्फत देहायका प्राविधिक कर्मचारीको प्रोत्साहन भत्ता भुक्तानीमा कर कट्टा नगरेकोले सोवापतको कर रकम असुल गर्नुपर्ने रु.

| कर्मचारीको नाम थर | प्रोत्साहन भत्ता रकम | कट्टि गरेको कर रकम( १ %) | काट्नु पर्ने ( १५ %) | छुट कर कट्टि रकम |
|---|---|---|---|---|
| श्री साजन घिमिरे | ३०००० | ३०० | ४५०० | ४२०० |

*........... (प्रारम्भिक प्रतिवेदन उपर सन्तु लामा, विकिन सुवाल, सिर्जना दुवाल, सरु खोटेजा, धनबहादुर रावत र इश्वर श्रेष्ठको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.,५०,४००।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२०० |

६९ **एकल महिला भत्ता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.४८३,१५०।- सम्परीक्षण गरिएको । )*

७० **खर्चको पुष्टयाइ**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। भौ.न. र मिति ७४१।०८०।२।२८ मार्फतपालिकाले महिलासँग उपाध्यक्ष कार्यक्रम खर्च शिर्षकबाट क्रिस्टल माला बनाउने तालिम सञ्चालन सम्झौता गरी

आदर्श नेपाललाई रु. ४९९९९९ भुक्तानी भएकोमा कार्यक्रम सञ्चालन सम्बन्धि प्रमाणकागजात, विल भर्पाई संलग्न नभएकाले सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९९९ |

७१ **भर्पाई वेगर बैठक भत्ता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर दुर्गा प्रसाद तिवारीको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.८,५००।- सम्परीक्षण गरिएको । )*

७२ **उपस्थिति बिना बैठक भत्ता**

*........... (प्रारम्भिक प्रतिवेदन उपर गुमान वलीको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.३,४००।- सम्परीक्षण गरिएको । )*

७३ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१(३) मा उल्लेखित मापदण्ड अनुसार बैठक भत्ता भुक्तानि गर्दा एउटै निकाय र अन्तर्गतका पदाधिकारी वा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था रहेको छ । भौ.नं. र मिति ७७२।०८०।३।६ पालिकाले देहाय बमोजिमका बैठकहरु कार्यालय अन्तर्गतका पदाधिकारी वा कर्मचारी मात्र बसी बैठक भत्ता बुझेकाले सो रकम असूल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| बैठक मिति | भत्ता बुझ्नेको नाम | बैठक संख्या | भत्ता दर | भत्ता रकम ( १५ % कर कट्टि पश्चात ) |
|---|---|---|---|---|
| विभिन्न | अर्जुन प्रसाद अधिकारी | १२ | १००० | १०२०० |

*........... (प्रारम्भिक प्रतिवेदन उपर खेमराज छिनाल, सन्तु लामा, विरोचना खनाल, रामचन्द्र कार्की, महेन्द्र कुमार श्रेष्ठ, पुरुषोत्तम वाग्ले, नविन राना मगर र शर्मिला थापाको बेरुजु असुली गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.,४४,२००।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

७४ **केतुके विरुवा खरीद**

*...........(प्रारम्भिक प्रतिवेदन उपर बिरुवा खरिदको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.५,००,०००। सम्परीक्षण गरिएको ।)*

### ७५ राजश्व संकलक पारिश्रमिक

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले बाग्मती प्रदेशको प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन बमोजिम राजपत्रमा प्रकाशित दर रेटमा नघट्ने गरी राजश्व संकलन गर्न र संकलित राजश्व हरेक हप्ताको शुक्रबार गाँउपालिकाको कृषि विकास बैंकमा रहेको आन्तरीक राजश्व खातामा बैंक दाखिला गर्न लगाई बैंक भौचर गाँउपालिकामा पेश गर्न लगाउने गरी गाँउपालिका वडा नं. ३ बस्ने श्री दिनेश कुमार मिश्र र तादि ३ टुटुङ बस्ने श्री राजु तामाङलाई नियूक्त गरेको र यसरी नियूक्त व्यक्तिहरुलाई निजहरुले प्रत्येक महिना संकलन गरेको राजश्वको २५% रकम पारिश्रमिक स्वरुप उपलब्ध गराउने गरी गाँउकार्यपालिकाको मिति ०७९।९।२९ निर्णय गरी कार्यान्वयन गरेको छ ।राजश्व संकलकहरुले प्रत्येक महिनाको शुक्रबार राजश्व दाखिला गरेको प्रमाण तथा प्रत्येक महिनामा उठेको राजश्वको विस्तृत विवरण पेश बिना एकमुष्ट रशिद ठेली संख्याबाट यति-यति रकम उठेको भनि निवेदन पेश भई २५% रकम भुक्तानि भएको देखियो ।पालिकाले राजश्व संकलन ठेक्का प्रक्रिया समयमै गरी राजश्व संकलन प्रभावकारी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

### ७६ प्रोत्साहन भत्ता

नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामति कर्मचारी, मन्त्रालयले स्विकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता आदि सुविधा सरकारले तोकिदिएको छ ।कार्यबोझलाई हेरी सुविधा दिनुपर्ने देखिएमा पालिकाको आन्तरीक आय वृद्धिलाई मध्यनजर गरी कार्यसम्पादन सूचकहरु तयार गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्नुपर्दछ ।यस्ता प्रकृतिका खर्चले पालिकालाई अतिरिक्त व्ययभार पर्नेहुँदा यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । पालिकाले कर्मचारी तथा प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता प्रदान गर्दा देखिएका व्यहोराहरु देहायबमोजिमका छन् ।

७६.१ **ईन्जिनियर प्रोत्साहन भत्ताः** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका प्राविधिक कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता आदि सुविधा सरकारले तोकिदिएको छ । पालिकाले कानुन नबनाई यो आ.व.मापालिकाका प्राविधिक कर्मचारीहरुलाई रु. ७२०००० ईन्जिनियर प्रोत्साहन भत्ता खर्च शिर्षकमा भुक्तानि गरेको छ ।यस्ता प्रकृतिका खर्चले पालिकालाई अतिरिक्त व्ययभार पर्नेहुँदा यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । कार्यबोझलाई हेरी सुविधा दिनुपर्ने देखिएमा पालिकाको आन्तरीक आय वृद्धिलाई मध्यनजर गरी कार्यसम्पादन सूचकहरु तयार गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्नुपर्दछ ।

७६.२ **कर्मचारी प्रोत्साहन भत्ताः** तादी गाँउपालिकाको कार्य सम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, २०८० को परिच्छेद (३) बमोजिम कर्मचारीले प्रोत्साहन भत्ता उपलब्ध हुन कर्मचारीले नियमित कार्यभन्दा अतिरिक्त समय र अतिरक्त काम गरेको हुनुपर्ने तथा कार्यसम्पादन मूल्यांकन पश्चात बढिमा सत प्रतिशत बराबरको रकम प्रोत्साहन भत्ता दिन सकिने उल्लेख छ ।साथै कार्यविधिको परिच्छेद ५(च) मा गाँउपालिकाको गाँउसभा अधिवेशनबाट कर्मचारी प्रोत्साहन शिर्षकमा विनियोजन भएको रकमले नपुग्ने अवस्था भएमा प्रोत्साहन भत्ता उपलब्ध नहुने व्यस्था उल्लेख छ । पालिकामा ई-हाजिरी तथा अतिरिक्त समय हाजिरी विवरण नराखेकाले पालिकाका कर्मचारीले अतिरिक्त समय कार्य सम्पादन गरे नगरेको यकिन हुन सकेन ।यसरी कार्यविधि बमोजिम कार्य सम्पादन भए नभएको वास्तविक मुल्यांकनको आधार वेगर यस आ.व.मा प्रोत्साहन भत्ताशिर्षकमा रु. ६००००० खर्च लेखेको छ ।कार्यविधिको पूर्ण

परिपालना गर्दै कार्यविधि बमोजिमको वास्तविक मूल्यांकनका निम्ति पालिकाले ई-हाजिरी व्यवस्थापन तर्फ ध्यान दिनु पर्दछ ।

७६.३ **अतिरिक्त भत्ताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । आ.व. ०८०।८१ को बजेट तथा कार्यक्रम तर्जुमा साथै निति तथा कार्यक्रम निर्माण गर्ने कामको लागि १२ जना कर्मचारीलाई मिति ०८०।२।२५ देखि ०८०।३।९ सम्म तलब स्केलको १ दिन बराबरको अतिरिक्त भत्ता दिने गरी कार्यपालिकाको मिति ०८०।२।२५ को निर्णय बमोजिम भौ.न. र मिति ८३०।०८०।३।१९ मार्फतगाँउसभा सञ्चालन खर्च शिर्षकबाट रु. १५५०७० भुक्तानि भएको छ पाईयो । यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

७७ **पदाधिकारी भ्रमण खर्च**

***...........(प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.६३,६००। सम्परीक्षण गरिएको ।)***

७८ **नमुना विद्यालय सुधार गूरुयोजना**

७८.१ शिक्षा मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ८.२ ( ग) नमुना विद्यालय सुधार गूरुयोजना अन्तर्गत अमर ज्योति माध्यमिक विद्यालयलाई भौतिक निर्माणको रकम निकासा दिदा निम्नानुसार देखिएको छ ।

७८.२ ***........... (प्रारम्भिक प्रतिवेदन उपर अमर ज्योति माध्यामिक विद्यालयको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१७ को निर्णयबाट रु.१०,०००,०००।- सम्परीक्षण गरिएको । )***

७८.३ विद्यालयले भवन निर्माणका लागि टेण्डर आह्वान भै सकेपछि विद्यालय भवन निर्माणका लागि बज्र कन्ट्रक्सन संग मिति२०८०।३।२० मा कार्य सम्पन्न गर्ने गरी २०७९।१२।६ मा सम्झौता भएको का सो कार्यका लागि रु ६०५३७०३। को सम्झौता भएको छ तर पालिकाले पुरै १ करोड रकम निकासा दिएको देखिएकोले सम्झौता भन्दा वढी रकमको वारेमा विद्यालयले के कुन काममा खर्च हुने हो सो एकिन हुन सकेन ।

७८.४ दक्षता ज्ञान सीप तथा विद्यालयको पठन पाठनलाई समेत ख्याल राखि विद्यालय भवन निर्माण जस्ता भौतिक संरचना निर्माण कार्य समयमै सम्पन्न हुनुपर्ने देखिन्छ ।

७९ **नमूना विद्यालयको क्रमागत भवन निर्माण**

***........... (प्रारम्भिक प्रतिवेदन उपर महादेव सुन्दर माध्यामिक विद्यालयको बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२५ को निर्णयबाट रु.५,०००,०००।- सम्परीक्षण गरिएको । )***

८० **अधेरी खोला मुसुरे झोलुङ्गे पुल निर्माण पेश्की**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (५ ) खरीद सम्झौता वमोजिम सार्वजनिक निकायलाई बढिमा एक तिहाई रकमसम्मको अग्रीम रुपमा पेस्की दिन सकिने व्यवस्था अनुसार अधेरी खोला मुसुरे झोलुङ्गे पुल निर्माण का लागि प्राविधिक वाट रु १९१०७२३।१० को कार्य सम्पन्न भएको प्राविधिक मुल्याकंन भएकोमा श्रमदानको

अशं रु ७८४७८।०८ पेस्की ५५४३४२।५० अग्रीम कर रु २८६६०।८५ सामाजिक सुरक्षा कर १६९७२।८० गरी जम्मा ६९८४५४।२३ कट्टा गरी बाकी रकम रु १२३२२६८।८७ भुक्तानीदिनु पर्नेमा वजेट रु १०००००० । मात्र भएकोले भौ न २१ मिति २०८०।३।२२ मा रु १०००००० । भुक्तानी दिएकोमा पेस्की ५५४३४२।५० कहिले लगेको हो सो सुत्रमा नदेखिएको गत वर्षको वाकी पनि नदेखिएको साथै कसरी पेस्की फर्छ्यौट भएको हो सो नखुलेको सो खुल्न सकेन भने अग्रीमकर र सामाजिक सुरक्षा कर समेत दाखिला नभएकोले निज उपभोक्ता समितिलाई वाकी रकम भुक्तानीमा ४५६३३।६५ असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,६३३ |

## ८१ नवीकरणीय उर्जा

८१.१ नवीकरणीय उर्जा प्रविधि जडान कार्यका लागि दीप लाईट इनर्जी संग सम्झौता भई कार्यसपम्न गरेकोमा निम्नानुसार देखिएको छ ।

८१.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ।विभिन्न स्थानमा सोलार वत्ति राख्नका लागि दीप लाईट इनर्जी संग रु ७८४६८० सामान खरिद गरी भुक्तानी दिएकोमा सो सामान हरु कहाँ कहाँ जडान गरिएको हो सो को विवरण पेश हुन नसकेको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८४,६८० |

८१.३ आयकर ऐन २०५८ दफा ८८ अनुसार भुक्तानि आर्थिक ऐन अनुसार भुक्तानीमा अग्रीम कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले दीपलाईट इनर्जी वाट मु अ कर लाग्ने समानको मुल्य रु ५२०००० । वील पेश गरी मु अ कर भुक्तानी दिएकोले सो मा १.५ प्रतिशतले अग्रीम कर कट्टा गर्नुपर्नेम सो कट्टा नगरेकोले रु ७८०० । दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८०० |

८१.४ नवीकरणीय उर्जा प्रविधिको लागि मिति २०८०।२।२५ को टिप्पणी आदेशमा ७ वटा सोलार खरीद गर्ने टीप्पणी पेश भएकोमा पालिकाले ८ वटा सोलार खरीद गरी टिप्पणी भन्दा १ थान खरीद गरि भुक्तानी दिएको रु ९९४५० । टिप्पणीका आधारमा खरीद गर्नुपर्नेमा सो गरेको पाईएन ।

## ८२ कफी प्रशोधन प्रयोगशाला निर्माण

८२.१ कृषि तथा पशुपन्छी मन्त्रालय राष्ट्रिय चिया तथा कफी विकास वोर्ड मार्फत तादी ४ तामेमा कफी प्रशोधनको लागि प्रयोगशाला निर्माणका लागि संघीय सरकारवाट विनियोजित पचास प्रतिशत अनुदान प्रदान गर्न का लागि पचास लाख विनियोजन भई पहिलो त्रैमासिकमा १० लाख दोश्रो त्रैमासिकमा २० लाख तेश्रो त्रैमासिकमा १० लाख र चौथो

त्रैमासिकमा १० लाख खर्च गर्ने गरि वजेट विनियोजन भइ भएकोमा कार्य सम्पादन पश्चात एकमुष्ट पचास लाख भुक्तानी भएकोमा निम्नानुसार देखिएको छ ।

८२.२ (क) कफी वगैचा स्थापनाको लागि २०० रोपनी जमिन हुनुपर्ने र प्राङगारिक मल उत्पादन गर्न पशुपालन भएको हुनुपर्ने लगायतका १५ आधार हरु तयार गरी सुचना प्रकाशन भई सो सुचनाका आधारमा एउटा मात्र प्रस्तावक नव्य टेक्रोलोजि प्रा लि ले तयार गरेको इस्टीमेट अनुसार सो कामका लागि मु अ कर समेत १००५२९७७।९० लाग्ने गरि इस्टीमेट तयार गरी पालिकाले मिति २०८०।२।७ मा इस्टिमेट गराउने एउटा र सम्झौता नुवा कफी स्टेट कफी इण्डृष्टीज प्रा लि संग सम्झौता गरेको ले ति दुइ एउटै हुन भन्ने प्रमाण पेश हुन सकेन ।

८२.३ नुवा कफी स्टेट कफी इण्डृष्टीज प्रा लि मु अ कर मा दर्ता नभएको पान न ३०२५०३२७६ भएको मु अ कर मा दर्ता भएको प्रमाण पेश नभएको पाईयो ।

८२.४ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.६०५,७७३।- सम्परीक्षण गरिएको । )***

८२.५ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.७५,०००।- सम्परीक्षण गरिएको । )***

८२.६ राष्ट्रिय चिया तथा कफी विकास बोर्डवाट संचालित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ को सि .न . ८ मा अनुदान पाउने प्रापकले कार्यसम्पादन प्रतिवेदन वुझाईसकेपछि वोर्डले अनिवार्य रुपमा अनुगमन गर्नु पर्ने र अनुगमन प्रतिवेदन प्राप्त भएपछि सम्झौता रकमको पचास प्रतिशत दिने व्यवस्था गरेको साथै सोही कार्यविधिको सि न १८ मा छनौट भएका प्रस्तावित प्रशोधन कारखानाको सुरुवात पुर्व र कार्यसम्पादन पश्चात वोर्डले अनुगमन निरिक्षण गरेपछि मात्र रकम उपलव्ध गराउने व्यवस्था भएकोमा सो विपरित पालिकाले उपाध्यक्ष को सयोजकत्वमा गठित समितिले अनुगमन निरिक्षण गरेको देखाइ भुक्तानी दिएको देखिएकोले राष्ट्रीय चिया तथा कफी विकास बोर्डवाट संचालित कार्यक्रम कार्यान्वयन कार्यविधि २०७२ कार्यविधि अनुसार वोर्डको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ ।

**८३ प्रदेश पुजीगत तर्फ जुगेपानि खानेपानी योजना**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य हकमा कम्तीमा नव्बे प्रतिशत भौतिक प्रगति भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । जुगेपानी खानेपानी योजनाको मिति २०८०।३।१८ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८० १।५ मा सम्झौता भई निर्माण व्यवसायीलाई रु ४३६३०५७ । अन्तिम वील भुक्तानी भएकोमा कार्य स्वीकार प्रतिवेदन पेश नभएकोले सम्पन्न भए अनुसारको कार्य स्विकार प्रतिवेदन तयार हुनुपर्दछ ।

**८४ झोलुङ्गे पुल योजना निर्माण**

...........***(प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.२,२३८,७७२। सम्परीक्षण गरिएको ।)***

८५ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध खर्च शिर्षकबाट यस वर्ष कूल रु २६०७५५८/- खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८६ **खर्चको प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन, २०७६ को दफा ३५ मा कार्यालयले गरेको आर्थिक कारोबार सम्बन्धि लेखा श्रेस्ता अन्तिम लेखापरीक्षणमा पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । निम्नानुसारको खर्च रु. ४८११३७ को खर्च शिर्षक नखुलेको तथा भौचर नभएको श्रेस्ता पेश भएको छैन । के कस्तो प्रयोजनमा उक्त खर्च भएको हो सोको प्रमाण कागजात पेश हुनुपर्ने रु.

| गो. भौ . नं . | खर्च रकम |
|---|---|
| ४।६।९ | ३३४३७८ |
| १०।६।३१ | ३८४४२ |
| १३।७।३ | ११०४०० |
| १६।७।३ | २८८००० |
| ३५।९।७ | ३८४००० |
| ३८।९।११ | १२१२५६४ |
| ३९।९।११ | ४८०००० |
| ४१।९।२० | ६६३००० |
| ६१।१०।१६ | ४८०००० |
| ६२।१०।१६ | ४१६८८० |
| २१।०७९।६।४ पालिका चालु | ७८२९० |
| २३।०७९।६।४ पालिका चालु | १७१०० |
| ६६।०७९।६।१२ पालिका चालु | १२३२०८ |
| ९३।०७९।६।१२ पालिका चालु | ३९३७५ |

| | |
|---|---|
| ८३८।०८०।३।२० पालिका चालु | १४५५०० |
| जम्मा | ४८११११३७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,११,१३७ |

८७ **स्थानीय राजस्व परामर्श समिति बैठक भत्ता** (२४८-२०८०-३-२४):

*...........(प्रारम्भिक प्रतिवेदन उपर ताँदी गाउँपालिकाको बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.४५,०५०। सम्परीक्षण गरिएको ।)*

८८ **समपुरक अनुदान**

*........... (प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को जम्मा रु.१,७३४,२१९।- सम्परीक्षण गरिएको । )*

८९ **दैनिक भ्रमण भत्ता तथा योजना अनुगमन भत्ता**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ ।त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । पालिका क्षेत्रमा आ व २०७९।८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानी गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्वन्धितहरुवाट असुल गरि दाखिला गर्नुपर्ने रु

| गो भौ नं | नाम थर | कर कट्टि भुक्तानी रकम |
|---|---|---|
| १३२।२।८ गाउपालिका पूजिगत | नकुर तामाङ्ग | ५०१२ |
| | बच्चु तामाङ्ग | ६०१५ |
| | सञ्जु प्याकुरेल | ९०२२ |
| १६३।२।२४ गाउपालिका पूजिगत | सञ्जु प्याकुरेल | २६०६५ |
| | नकुर तामाङ्ग | २४०६० |

| | | |
|---|---|---|
| | बच्चु तामाङ्ग | १९०४८ |
| जम्मा | | ८९२२२ |

*...........(प्रारम्भिक प्रतिवेदन उपर विदुर पाण्डे, विरोचन खनाल, राजेश श्रेष्ठ र सन्तु लामाको बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.६१,१५३। सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,२२२ |

९० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस वर्ष गाउपालिका पूजिगत तर्फको विभिन्न योजनाको कन्टिन्जेन्सि रकमवाट गाउपालिका पूजिगत तर्फ शिर्षकवाट पालिकाका विभिन्न प्राविधिक, लेखा तथा प्रमुख प्रशासकिय अधिकृत समेतलाई ३५ देखि ५० प्रतिशत सम्म गणना गरी जम्मा ६००००० प्रोत्साहन भत्ता भुक्तानि गरेको छ । पालिकाले अतिरिक्त प्रोत्साहन भत्ता प्रदान सम्वन्धि कार्यविधि नवनाई पालिका सभाले गरेको निर्णयका आधारमा मात्र भुक्तानी भएको पाईयो । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरी विभिन्न सुचक निर्धारण गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

९१ **मेशिनवाट काम गराएको** (८७-२०७९-१२-३०):

*...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु नियमित गरी प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२२ को निर्णयबाट रु.५७६,५४२। सम्परीक्षण गरिएको ।)*

९२ **कार्यसम्पन्न पश्चात् विमा गरेको भुक्तानी** (८६-२०७९-१२-२९):

बागमति प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३७(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने र उपनियम ८ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले रेहान एण्ड सुन्दरा कन्स्ट्रक्सन मार्फत् खहरेटार सतार हुदै बाघमारा सडक स्तरोन्नति को लागी मु अ कर समेत रु ६८२८६५९ को ठेक्का सम्झोता गरेको र विमाको व्यवस्था गरी भुक्तानी गरेकोमा कामको सुरुमा विमा नभएको नापि तथा कार्यसम्पन्न २०७९।११।१२ पश्चात् २०७९।११।१९ मा विमा सुरु भएको कागजात संलग्न गरी भुक्तानी दिएको पाईयो । यसरी कार्यसम्पन्न पश्चात् ठेकेदार, ईन्जिनियर तथा ज्यामि को मात्र रु ९८२० र ठेकेदार, ईन्जिनियर तथा ज्यामि र सम्पत्तिको मात्र रु३८९९१ को विमा शुल्क भुक्तानि गरि विमा लागु भएको आधारमा भुक्तानी दिन नमिल्ने देखिएकोले सो भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

## ९३ जनश्रमदान कट्टी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | सम्झौता अनुसार उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| १२८।२।५ | माथिल्लो स्याङ्ले गोतक खोला मोटरवाटो सोलिङ्ग तथा ढलान उ स | ६४३४४६ | ६३४३९३ | १८ | ७४०२ |
| १०३।१।११ | काउले खानेपानि मर्मत सिमढ्यान मुहान तल्लो आयोजना | ४३००६६ | ४१७१३७ | १२ | ११३७७ |
| १७५।२।२८ | काल्चे गौरीखर्क मोटरवाटो निर्माण उपभोक्ता समिति वडा नं १ | १०६२२०१ | ८८९८२६ | १० | ३३६६ |
| १७९।२।३१ | देउताखर्क खानेपानि उपभोक्ता समिति वडा नं १ | ४२२४९० | ३८४४९० | १० | ३४३४ |
| | जम्मा | | | | २५५७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५७९ |

## ९४ बढी भुक्तानी (२४४-२०८०-३-२४):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई यथार्थ नाँपजाँच हुंदा कायम भएको परिमाणको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियमको उक्त व्यवस्था अनुसार यस पालिकाले डाडागाउ सडक ढलान उपभोक्ता समितिलाई भुक्तानी दिंदा सडकको वास्तविक काममा नापिको आधारमा भुक्तानी गर्नुपर्नेमा सो वमोजिम नगरि पालिकाले डाडागाउ सडक

ढलान तादि २ को उपभोक्ता समितिलाई रु ३० लाखको वजेट विनियोजन भई पालिकावाट रु २८ लाख ८० हजार खर्च व्यहोर्ने गरि सम्झौता भएकोमा आइटम न ४ को 1:3:6 pcc, ५ को 1:1.5:3 आर सि सि , ८ को 1:6 को Masonary wall क्रमशः ०।४६घ मि, १४५।५९ घ मि र ८।९७ घ मि कार्यको लागि नम्स अनुसार कुल १०३१।२० बोरा सिमेन्ट प्रयोग हुनुपर्नेमा रोहान एण्ड सुन्दरा कन्स्ट्रक्सन, राजभण्डारी सप्लायर्स, नुवाकोट ट्रेड लिंक र गुरुवाचार्य हार्डवेयर नुवाकोटका बाट ७ वटा विलबाट १४६० बोरा सिमेन्ट खरिद गरि निज उपभोक्ता समितिलाई १४६० बोरा सिमेन्टको भुक्तानी भएकोले सिमेन्ट विल अनुसार मु अ कर समेत रु ६५० रुपैयाका दरले ४२८।८ बोरा सिमेन्टको बढी भुक्तानी भएको अर्थात् वास्तविक कामको भन्दा बढी सिमेन्टको रु २७८७२०।०० भुक्तानीमा ३२०६५ मु अ कर भुक्तानी भएकोले सम्वन्धितवाट अशुल गर्नुपर्ने मु अ कर रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,०६५ |

## ९५ प्रोग्राम अपडेट

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.3 मा निर्माण व्यवसायिले कामको ६०/६० दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्ने रु

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | सम्झौता रकम | प्रोग्राम अपडेट दिन | प्रोग्राम अपडेट रकम |
|---|---|---|---|---|---|
| 1 | Khaharetar Satar Hudai Bagmara Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | ६०४९९६४ | ६० | १००००० |
| 2 | Zero Kilo Bata Dadako Pato Sadak Starunnati | K.B construction | ६२०४८७१ | ६० | १००००० |
| 3 | Dadagau Alchhedhunga Dhansar Hudai Manedada Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | १०८०१२५३ | ६० | १००००० |
| 4 | Dadako Pato Jwalamukhi Sadak Starunnati | Rehana & Sundara Construction Pvt.Ltd. | ५८९३३९२ | ६० | १००००० |
| 5 | Bohore Sathiya Bangeswara Byutar Sadak Starunnati | Rohana Construction | ५२०४१३६ | ६० | १००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | Jungepani Khanepani Tadi 6 | Skill Field Construction & Consultancy Pvt.Ltd. | ३८६८०४२ | ६० | १००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००,००० |

## ९६ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. १३३८००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ५८८००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु

| पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनी | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| नकूल कूमार ओझा | ४५०००० | | ४५०००० |
| नकूल कूमार ओझा | १००००० | | १००००० |
| नकूल कूमार ओझा | | ३००००० | ३००००० |
| राजेन्द्र पाठक | | २८८००० | २८८००० |
| जम्मा | ५५०००० | ५८८००० | १३३८००० |

| | |
|---|---|
| पेश्की | ५,८८,००० |

## ९७ विल भरपाई पेश नभएको (८-२०८०-६-१३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च लेख्दा पर्याप्त विल भरपाई संलग्न गरी रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले निर्माणाधिन देउरालि शितभण्डार तादि ४ को योजना अन्तर्गतको कन्टिन्जेन्सि शिर्षकवाट सोम्वर तामाङ्ग, कालु तामाङ्ग, श्याम तामाङ्ग र विनोद भण्डारीलाई तलवि भरपाई उल्लेख गरी रु २९७०० का दरमा जम्मा रु ११८८०० भुक्तानी भएकोमा के कामको लागि भुक्तानी भएको हो सो को प्रमाण संलग्न नभएकोले उक्त भुक्तानीको प्रमाण संलग्न गर्नुपर्ने अन्यथा सम्वन्धितवाट असुल गर्नुपर्ने रु ११८८००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,८०० |

## ९८ वोलपत्र स्वीकृत नभएको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७ मा १० करोड रुपैया सम्मको वोलपत्र राजपत्राङ्कित तृतिय श्रेणिको कार्यालय प्रमुखले स्विकृत गर्न सक्ने व्यवस्था छ । पालिकाले जिरो किलोवाट डाडाको पाटो सडक स्तरोन्नतिको लागी रु १०००४५४२।४९ को लागत अनुमान तयार गरी के वि कन्स्ट्रक्सनलाई रु७००३७०४।२३ को ठेक्काको काम दिईएकोमा ठेक्काको वोलपत्र स्विकृत नभएकोले सो को प्रमाण पेश हुनुपर्दछ ।

## ९९ विल भरपाई पेश नभएको (५९-२०७९-१०-१५):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सरकारी रकमको खर्च लेख्दा पर्याप्त विल भरपाई संलग्न गरी रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले कृषि विकास वैंक खरानिटार शाखालाई पालिकाका कर्मचारीको प्रोत्साहन भत्ता खातामा दाखिला गर्न रु २५०००० भुक्तानी खर्च लेखेकोमा सो को विल भरपाई तथा के कामको लागि प्रोत्साहन भत्ता भुक्तानी भएको प्रमाण संलग्न नभएकोले उक्त भुक्तानीको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

## १०० धरौटी फिर्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं मिति | नाम | रकम | कैफियत |
|---|---|---|---|
| ६-२०७९/६/१३ | लेटेस्ट निर्माण सेवा प्रालि | १२५००० | कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र नभएको |
| १०-२०७९/९/२६ | रोज। सुन्दरादेवी जे भि | ५१९४४४ | कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र नभएको |
| १२-२०७९/१०/१० | मिलिनियम कल्पवृक्ष जे भी | १७४८१५५ | कर चुक्ता प्रमाणपत्र तथा कर समायोजन पत्र नभएको |
| | जम्मा | २३९२५९९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९२,५९९ |

१०१ **अनुदान कार्यक्रम**

स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ को वुँदा नं १०मा सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरीसकेपछी आवश्यक विल भरपाइ, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन नियमावलीको अधिनमा रही भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित कार्यक्रममा देहायवमोजिम देखिएको छ

गो भौ नं ३८-२०८०/३/२४ कफि खेती विकास कार्यक्रम तादी गाँउपालिका वडा नं २ कार्यक्रमका लागि ५० प्रतिशत अनुदान कार्यक्रम संचालन देखिन्छ । यसरी ५० प्रतिशत अनुदान भुक्तानी गर्दा जम्मा सम्पन्न कामको मुल्यांकन नगरी विल को आधारमा भुक्तानि दिएको देखियो यस्तो भुक्तानीमा पालिकाले एकिन गरेर भुक्तानी दिनुपर्ने देखिन्छ

गो भौ नं ३९-२०८०/३/२४ कफि खेती कार्यक्रम मा अनुगमन प्रतिवेदनमा ग्रिन लाइट कफि फार्म ले वडा नं २ को कार्यक्रम सम्झौता भएकोमा वडा नं ४ मा कार्य गरेको सम्झौता भन्दा अगाडी विरुवा लगाएको ले सम्झौता बमोजिम काम नभएको उल्लेख गरेता पनि रु ११०००० भुक्तानी दिएको देखिएको छ । यसमा सम्झौताको पक्षले सम्झौता बमोजिम वडा नं २ मा २२०००० वरावरको कार्य भए नभएको एकिन भएन । यस्ता कार्यक्रममा भुक्तानी दिदा जम्मा काम कति भएको एकिन गरी सम्पन्न भएको कार्य वरावरको प्रतिशत निर्धारण गरी भुक्तानी दिनुपर्ने देखिन्छ ।

१०२ **सामाजिक सुरक्षा**

१०२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । पालिकाले अनिवार्य रुपमा लाभग्राहीको फोटो सहितको अभिलेख राख्नु पर्ने ।

सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएअनुसार लगत कट्टा गरेको तथा अनुसुचि ११ बमोजिमको विवरण माग गरी रकम फिर्ता गरेको पाइयो । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको मा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन साथै अनुसुची ११ बमोजिमको विवरण प्राप्त नहुँदा निश्क्रिय खाताको रकम एकिन गर्न तथा वढी भुक्तानीको गणना गर्न सकिएन ।

१०२.२ ✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु असुली भइ प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.१४४,०००। सम्परीक्षण गरिएको ।)***

१०२.३ ✂ ***...........(प्रारम्भिक प्रतिवेदन उपर बेरुजुको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.६,२६६। सम्परीक्षण गरिएको ।)***

१०३ **दहत्तर वहत्तर**

ढुंगा गिट्टि बालुवा उत्खनन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा १८ मा नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मुल्यअभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले ढुंगा गिट्टि वालुवाको सुचना प्रकाशन गर्दा कुनै पनि वोलपत्र पेश नभएकोले पालिकाले आफ्नै ढुंगा गिट्टि वालुवा आफै घाटगद्दि गरी वेचविखन गरी यस वर्ष रु १५९५४५५ राजश्व संकलन गरेको मा के कति नदिजन्य पदार्थ संकलन तथा विक्रि वितरण गरियो सो को विवरण पेश हुन सकेन । पालिकाले आफै नदीजन्य पदार्थ संकलन गर्दा सोही मापदण्ड अनुसार लाग्ने मुल्य अधिवृद्धि कर बापत संकलन गर्नुपर्ने रु २०७४६१ संकलन भएको पाइएन ।

## अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

*आर्थिक बर्षः २०७९/८०*

*कार्यालय र स्थान : तादीगाउँ गाउँपालिका, नुवाकोट , तादीगाउँ गाउँपालिका , नुवाकोट*

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Khemraj Chhinal | २०७९-११-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपेश भण्डारी | २०७७-३-१ | हाल सम्म कार्यरत |

*बेरुजु वर्गीकरणः*

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९६१,४४२.१३ | १७,३१६,४८९ | ५७,२७१,२२४ | ० | ० | ५८८,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ७७,१३७,१५५.१३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५९,९८४,५६९.७८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,१५२,५८५.३५ |

| गत बर्षको जिम्मेवारी | | २२९४८६६८६.०८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९३३८२२१५ | **चालु खर्च** | ३०३९८१९२९.७१ |
| **प्रदेश सरकारबाट अनुदान** | ६९३४४१९६ | **पूँजीगत खर्च** | १५१२०१९८७.७२ |
| **राजश्व बाँडफाँट** | ७०३४५८२१ | **वित्तीय/अन्य व्यवस्था** | १०८३६९२१९ |
| **आन्तरिक आय** | ६११३२२२.७७ | | |
| **अन्य आय** | १४१२७४७३६.५८ | | |
| **कुल आय** | ५८०४६०१९१.३५ | **कुल खर्च** | ५६३५५३१३६.४३ |
| **बाँकी मौज्दात** | | ३९८५५७४१ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

*तादीगाउँ गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यलिय, नुवाकोट*
*कार्यालयको कोड : ८०३२९५०३३००*
*वित्तीय प्रतिवेदन*
*आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१*

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५२,२१,१९,०५९.३७ | ४७,७२,३६,१५०.७४ | ४७,७२,३६,१५०.७४ | ३८,१९,६१,६२३.३१ | ३८,१९,६१,६२३.३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५१,८९,९२,७७०.६२ | ४७,११,०२,१०२.६८ | ४७,११,०२,१०२.६८ | ३७,८०,६९,०३९.०९ | ३७,८०,६९,०३९.०९ |
| ११००० कर | ८,६५,२२,०००.०० | १०,३५,४३,९८१.६८ | १०,३५,४३,९८१.६८ | ४,२६,३१,१५९.०९ | ४,२६,३१,१५९.०९ |
| १३००० अनुदान | ३८,६१,६९,१९६.०० | ३६,६७,७६,४११.०० | ३६,६७,७६,४११.०० | ३३,४३,८५,१८०.०० | ३३,४३,८५,१८०.०० |
| संघीय सरकार | ३१,०९,३१,०००.०० | २९,३३,८२,२१५.०० | २९,३३,८२,२१५.०० | २९,२९,३२,९७८.०० | २९,२९,३२,९७८.०० |
| प्रदेश सरकार | ७,५२,३८,१९६.०० | ७,३३,९४,१९६.०० | ७,३३,९४,१९६.०० | ३,६६,६९,७५०.०० | ३,६६,६९,७५०.०० |
| अन्तरिक श्रोत | ०.०० | ०.०० | ०.०० | ४७,८२,४५२.०० | ४७,८२,४५२.०० |
| १४००० अन्य राजस्व | ५०,५०,०००.०० | ७,८१,७१०.०० | ७,८१,७१०.०० | १०,५२,७००.०० | १०,५२,७००.०० |
| ३२००० वित्तीय सम्पत्ति | ४,१२,५१,५७४.६२ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | ३१,२६,२८८.७५ | ६१,३४,०४८.०६ | ६१,३४,०४८.०६ | ३८,९२,५८४.२२ | ३८,९२,५८४.२२ |
| वितरण गर्न बाकी राजस्व | ०.०० | २,५४,१६४.७६ | २,५४,१६४.७६ | (१,४१,०८०.००) | (१,४१,०८०.००) |
| कोषहरु | ३१,२६,२८८.७५ | २४,७१,१६६.५० | २४,७१,१६६.५० | १८,४६,७१०.०० | १८,४६,७१०.०० |
| धरौटी | ०.०० | ३४,०८,७१६.८० | ३४,०८,७१६.८० | २१,८६,९५४.२२ | २१,८६,९५४.२२ |
| संघीय, प्रदेश सरकार वा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य कार्यक्रम | | | | | |
| भुक्तानी (ग+घ) | ५२,२१,१९,०५९.३७ | ४५,८४,७९,५२६.४० | ४५,८४,७९,५२६.४० | ४४,८१,५८,६६९.३९ | ४४,८१,५८,६६९.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५१,८९,९२,७७०.६२ | ४५,५१,८३,९१७.४३ | ४५,५१,८३,९१७.४३ | ३९,७१,५८,१९०.९७ | ३९,७१,५८,१९०.९७ |
| २१००० पारिश्रमिक / सुविधा | १७,३७,५२,५००.०० | १५,९७,२१,७५०.४४ | १५,९७,२१,७५०.४४ | १२,१९,३५,४६४.५५ | १२,१९,३५,४६४.५५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०,०१,३५,८६७.६२ | ८,४२,७७,२४९.०७ | ८,४२,७७,२४९.०७ | १०,२७,७७,०८०.९८ | १०,२७,७७,०८०.९८ |
| २५००० सहायता (Subsidy) | १,८७,८९,०००.०० | १,६८,१३,८०९.९२ | १,६८,१३,८०९.९२ | ४,००,०००.०० | ४,००,०००.०० |
| २६००० अनुदान | १,२८,४९,०००.०० | १,०९,२६,३७४.०० | १,०९,२६,३७४.०० | २,९८,३८,३९२.३५ | २,९८,३८,३९२.३५ |
| २७००० सामाजिक सुरक्षा | १,०४,५१,०००.०० | ९३,७१,४४६.२८ | ९३,७१,४४६.२८ | ७४,४६,९००.०० | ७४,४६,९००.०० |
| २८००० अन्य खर्च | २,३१,८३,०००.०० | २,२८,७१,३००.०० | २,२८,७१,३००.०० | ६,७४,७५०.०० | ६,७४,७५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १७,९८,३२,४०३.०० | १५,१२,०१,९८७.७२ | १५,१२,०१,९८७.७२ | १३,४०,८५,६०३.०९ | १३,४०,८५,६०३.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | ३१,२६,२८८.७५ | ३२,९५,६०८.९७ | ३२,९५,६०८.९७ | ४४,८१,५८,६६९.३९ | ४४,८१,५८,६६९.३९ |
| कोषहरु | ३१,२६,२८८.७५ | ३०,५१,२८८.७५ | ३०,५१,२८८.७५ | ४,८७,८९,६९१.२० | ४,८७,८९,६९१.२० |
| धरौटी | ०.०० | २६,७९,१०५.३८ | २६,७९,१०५.३८ | २२,१०,७८७.२२ | २२,१०,७८७.२२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (२४,३४,७८५.१६) | (२४,३४,७८५.१६) | | |
| ङ. यो वर्षको बचत (न्युन) | | १,८७,५६,६२४.३४ | १,८७,५६,६२४.३४ | (६,६१,९७,०४६.०८) | (६,६१,९७,०४६.०८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४,४१,१३,२०७.८१ | ४,४१,१३,२०७.८१ | ४,७३,५०,३८४.४९ | ४,७३,५०,३८४.४९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ६,२८,६९,८३२.१५ | ६,२८,६९,८३२.१५ | (१,८८,४६,६६१.५९) | (१,८८,४६,६६१.५९) |
| बैंक तथा नगद बाकी | | ६,२८,६९,८३२.१५ | ६,२८,६९,८३२.१५ | २३,०५,७४,०६५.८३ | २३,०५,७४,०६५.८३ |